# नाम्खा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

याल्वाङ्, हुम्ला

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति २०८०।०१।२०

यस कार्यालयबाट आ.व.२०७९।०८० मा विभिन्न योजनाहरुको निर्माण कार्य शिलबन्दी बोलपत्र गराउनु पर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

सर्तहरु

१. तपसिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी) नगदै बुझाई रसीद संलग्न राखी अद्यावधिक नविकरण भएको ठेक्का इजाजत पत्र, प्यान नम्बर दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र आ.व. २०७८।०७९ सम्मको कर चुक्ता प्रमाण पत्रका प्रमाणित (नोटरी) गरिएको प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले शिलबन्दी बोलपत्रको हकमा ३० दिन भित्र नाम्खा गाउँपालिकाको कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. यस कार्यालबाट खरिद गरेका शिलबन्दी बोलपत्र फाराम नियमानुसार भरी खाममा शिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., शिलबन्दी बोलपत्रदाता नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बिक्री गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे सम्म नाम्खा गाउँपालिकाको कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएको शिलबन्दी बोलपत्र सोही दिनको २:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालयका प्रतिनिधीहरुको रोवहरमा खोलिनेछ । शिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थिती नभएतापनि बोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

३. तपशिलमा उल्लेखित धरौती वापतको रकम सिटिजन्स लि.बैंकको शाखा कार्यालय याल्वाङ हुम्ला स्थित नाम्खा गाउँपालिकाको कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता नं. ०७६०१००००००१२०२ र सोही बैंक याल्वाङ्मा नाम्खा गाउँपालिकाको कार्यालयको नाममा रहेको स्थानीय तथा धरौटी खाता नं. ०७६०१००००००३१२०१ नगद जम्मा गरेको सक्कलै बैंक भौचर नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त “क” वर्गका बैंकहरुले जारी गरेको शिलबन्दी बोलपत्रको हकमा कम्तीमा ९० दिन म्याद भएको बिड बन्ड प्रत्येक बोलपत्र साथ संलग्न गर्नुपर्नेछ ।

४. शिलबन्दी बोलपत्र शर्त रहित, प्रत्येक आईटममा प्रष्टसंग भरिएको, बोलपत्र लगायत कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याउनु परेमा दस्तखत भएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको सर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुनेछैन ।

५. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सवै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नुपर्ने सवै प्रकारका करहरु बोलपत्रमा उल्लेखत गरिएको दररेटमा भ्याटबाहेक समावेश गरिएको मानिने छ ।

६. शिलबन्दी बोलपत्रदाता निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिनेछ ।

७. बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिनेछ ।

८. बोलपत्र डकुमेन्ट, स्पेसिफिकेशन, परिमाण सूची (Bill of Quantities) आदिमा (भाषागत समेत) त्रुटि भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि वेला सच्याउन वाधा पर्नेछैन ।

९. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. शिलबन्दी बोलपत्र फारामको प्रत्येक पानामा शिलबन्दी बोलपत्र दाताले छाप सहित सही गर्नुपर्नेछ ।

११. शिलबन्दी बोलपत्रदाताबाट बोलपत्र उल्लेखित परिमाण सूचीमा प्रत्येक आईटमको दररेट भरी नआएमा त्यस्तो बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१२. शिलबन्दी बोलपत्र नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१३. यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | अनुमानित ल.ई. (भ्याट बाहेक) रु | धरौटी वापतको रकम रु | बोलपत्र/ दरभाउपत्रको दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | ४/NRM/२०७९।२०८० | तुम्कोट सिचाई निर्माण | ४५३२९३९।३७ | ११३३२३।४९ | ३०००। | |
| | ५/NRM/२०७९।२०८० | जाङ्ग स्वास्थ्य इकाई भवन निर्माण | ४६४८८८४।४७ | ११६२२२।१२ | ३०००। | |

नि.प्रमुख प्रशासकीय अधिकृत